# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, साउन १ गते २०५३ साल (अतिरिक्ताङ्क २०

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०५३।३।३१ मा देहायबमोजिम गर्ने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. २०५३ साल श्रावण १ गतेदेखि लागू हुने गरी बिक्रीकर तथा अन्तःशुल्क विभागलाई मूल्य अभिवृद्धि कर विभागमा नामाकरण गर्ने र बिक्रीकर तथा अन्तःशुल्क विभागअन्तर्गत रहेका सम्पूर्ण कार्यालयहरू खारेज गरी सो को सट्टा मूल्य अभिवृद्धि कर विभागअन्तर्गत रहने गरी मूल्य अभिवृद्धि कर कार्यालय (१) काठमाडौं (२) ललितपुर (३) विराटनगर (४) वीरगञ्ज (५) भैरहवा (६) नेपालगञ्ज (७) सिमरा (८) सुनसरी (९) भरतपुर (१०) पोखरा (११) जनकपुर (१२) हेटौंडा (१३) भद्रपुर (१४) लाहान (१५) दाङ (१६) महेन्द्रनगर (१७) धनगढी स्थापना गर्ने ।

२. बिक्रीकर तथा अन्तःशुल्क कार्यालय, नवलपरासी खारेज गरी नवलपुर क्षेत्रलाई मूल्य अभिवृद्धि कर कार्यालय, भरतपुर र परासीलाई मूल्य अभिवृद्धि कर कार्यालय, भैरहवामा गाभी कार्यक्षेत्र तोक्ने र अन्य मूल्य अभिवृद्धि कर कार्यालय-हरूको कार्यक्षेत्र साबिक बिक्रीकर तथा अन्तःशुल्क कार्यालय अनुसारकै कार्यक्षेत्र कायम गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. बिक्रीकर ऐन, २०२३ तथा अन्तःशुल्क ऐन, २०१५ बमोजिम साबिकमा गरी आएको कार्य एवं प्रयोग गरेको अधिकारका साथै अन्य कार्य, अधिकार एवं क्षेत्रहरू मूल्य अभिवृद्धि कर विभाग एवं अन्तर्गत कार्यालयहरूमा सर्ने र तत्-तत् अधिकार परिवर्तित पदाधिकारीहरूले मूल्य अभिवृद्धि कर ऐन, २०५२ लागू नभएसम्म स्वतः प्रयोग गर्न पाउने गरी तोक्ने।

४. नयाँ संगठनात्मक स्वरूप अनुरूप सृजना गरिएका पदहरूमा साबिकको बिक्रीकर तथा अन्तःशुल्क विभाग र सो अन्तर्गतका कार्यालयहरूमा पदाधिकार रहेका कर्मचारीहरूलाई समान सेवा, समूह, श्रेणी एवं पदमा पदस्थापन गर्ने।

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

श्री ५ को सरकारले सार्वजनिक सडक सुधार दस्तुर कोष ऐन, २०५२ को दफा ५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी पृथ्वी राजमार्गको नौबिसे मुगलिङ्ग खण्ड भई आउने जाने चारपाङ्ग्रे वा सो भन्दा बढी पाङ्ग्रा भएको सवारी साधनमा आ.व. २०५३।५४ को लागि आउँदा वा जाँदा प्रत्येक पटक रू. २५।– (पच्चीस) का दरले सार्वजनिक सडक सुधार दस्तुर असूल गर्ने गरी तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
देवेन्द्रप्रसाद रिमाल
श्री ५ को सरकारको का.मु.सचिव

३२२



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।